# निर्वाचनसम्बन्धी अन्मिनको प्रतिवेदन २, २०६४ चैत १६ गते

*यो प्रतिवेदन नेपालस्थित मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय (ओएच्सीएच्आर) सँगको संयोजनमा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अन्मिन) ले तयार गरेको हो। अन्मिनद्वारा गरिने युद्धविरामको अनुगमन तथा हतियार र सेनाको व्यवस्थापन एवम् ओएच्सीएच्आरद्वारा गरिने मानवअधिकारको अनुगमन जस्ता माध्यमबाट संविधानसभाको निर्वाचनका लागि स्वतन्त्र र निष्पक्ष वातावरण सिर्जना गर्नका लागि सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघलाई अनुरोध गरिएको थियो।*

## २०६४ चैत २८ गते हुने संविधानसभाको निर्वाचनको अवस्था

मुलुकभरि नै उत्साहजनक र सापेक्षिक रूपमा शान्तिपूर्ण ढङ्गले चुनावको प्रचारप्रसार भइरहेको भए तापनि धेरै जिल्लाहरूमा भने विभिन्न राजनीतिक दलका समर्थकहरूबीच झडप भएका घटनाहरू बढिरहेको पाइएको छ। शान्तिपूर्ण प्रचारप्रसारमा मुख्य व्यवधानहरू तराईका सशस्त्र समूहरूबाट जारी हिंसा एवम् प्रतिस्पर्धी दलका उम्मेदवार र समर्थक विरुद्धका वाधा व्यवधान, डर त्रास, हिंसा तथा मतदाताहरू विरुद्धका धाकधम्की हुन्। कपिलवस्तु र सोलुखुम्बुमा भएका नेपाल कम्युनिस्ट पार्टी-माओवादी (नेकपा माओवादी) का दुई जना कार्यकर्ताको हत्या गत साताका सबभन्दा गम्भीर घटना थिए। हालै हत्या भएका दुई जना समेत माघ २२ गते यता हिंस्रक घटनामा कम्तीमा ७ जना माओवादीको मृत्यु भइसकेको छ र चैत १५ गते विराटनगरस्थित एउटा मस्जिदमा भएको बम आक्रमणमा दुई जनाको ज्यान गएको छ। यी घटनाहरूको पूर्ण र स्पष्ट विवरण प्राप्त भएको छैन तापनि हत्या र डर त्रास मच्चाउने यी घटनाहरूले निर्वाचनका लागि अनुकूल वातावरण तयार गर्ने आधिकारिक निकाय र राजनीतिक दलहरूको जिम्मेवारी पूरा भएको छैन भन्ने स्मरण गराउँछन्। यस सँगसँगै माओवादीहरूले प्रतिस्पर्धी पार्टी र मतदाताहरूलाई दिएको धम्की एवम् नेकपा (माओवादी) तथा नेकपा (एमाले), नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी बीचको भीडन्त बढ्दो अवस्थामा रहेको अन्मिन र ओएच्सीएच्आरको अनुगमन तथा अनुसन्धानबाट पनि पुष्टि भएको छ। सात दल गठबन्धनका राष्ट्रिय नेताहरूबीच चैत ११ एकअर्काका चुनावी अभियानमा हस्तक्षेप नगर्ने पुनःप्रतिबद्धताको स्वागत गरिए पनि त्यसबाट जिल्ला तहमा सोचिए जस्तो प्रभाव परेको छैन। जिल्ला तहमा भएका यस्ता सम्झौताका कारण केही जिल्लामा सकारात्मक प्रभाव परे तापनि धेरैमा लागु नै भएको छैन। धेरै पक्षहरूले निर्वाचन पूर्व अत्यन्त महत्त्वपूर्ण मानेको सात दल गठबन्धनको २३ बुँदे सम्झौताका द्वन्द्व पीडितलाई क्षतिपूर्ति, सम्पत्ति फिर्ता तथा बेपत्ताहरूका बारेमा अनुसन्धान लगायतका प्रावधानको कार्यान्वयनमा कुनै प्रगति भएको छैन। अन्मिनले यो अवधिमा हतियार र सेनाको अनुगमन कार्यलाई सशक्त बनाएको छ तर शिविरबाट माओवादी लडाकूहरू राजनीतिक प्रचारमा संलग्न भएका र केही घटनामा पार्टीका वरिष्ठ नेताहरूको सुरक्षाका लागि सैनिक पोशाकमै शिविर बाहिर हतियार सहित उपस्थित भएका घटना पनि देखा परेका छन्।

## १. निर्वाचन विरोधी समूहद्वारा हिंसा

सरकारले चार वटा सशस्त्र समूह, मधेसी मुक्ति टाइगर, संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा, तराई कोब्रा र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) लाई वार्तामा बोलाउनु र केही पूर्वशर्तहरू सहित उनीहरूले यो आह्वानलाई स्वीकार गर्नु भनेको उत्साहजनक कुरा हो। निर्वाचन विरोधी समूहहरूको हिंसा र धम्कीको सिलसिला जारी भए पनि खास गरी पूर्वी, मध्य र मध्य-पश्चिमी तराईका भूभागमा असुरक्षा र भय बढेको छ। सुनसरी, मोरङ र कपिलवस्तु लगायतका तराईका कतिपय जिल्लामा प्रहरीले घरेलु विस्फोटक पदार्थलाई निष्क्रिय पारेको छ। कतिपय अवस्थामा पार्टी कार्यालय (जस्तै कपिलवस्तुस्थित नेपाली कांग्रेस कार्यालय) या उम्मेदवारका घर (जस्तै सप्तरीका राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवारको घर) नजिक केही यस्ता पदार्थहरू विस्फोट भए भने निर्वाचन प्रचारप्रसारको अभियानमा पनि केही विस्फोटनहरू भएका छन् (जस्तै नेपाली कांग्रेसले सप्तरीमा गरेको सभामा भएको विस्फोटन)। यस प्रकारका घटनाहरूले परिस्थितिलाई असहज बनाउन मदत पुऱ्याउँछन्। खास गरी भारतसँग सीमाना जोडिएका गाउँहरूमा यस प्रकारको वातावरण व्याप्त छ। अन्य अवस्थामा सशस्त्र समूहहरूले उम्मेदवारहरूलाई प्रत्यक्ष निशाना बनाएका छन्। उदाहरणका लागि सप्तरीमा एमालेका उम्मेदवारमाथि आक्रमण भयो भने सिराहामा नेकपा (माओवादी) का उम्मेदवारलाई अपहरण गरियो। यी दुवै उम्मेदवारहरू निर्वाचन प्रचारप्रसारमा लागिरहेका थिए। अन्य पार्टी उम्मेदवारहरूले टेलिफोन मार्फत मृत्युको धम्की पाइरहेका छन् भन्ने कुरा जानकारीमा आएको छ। कपिलवस्तु जिल्लामा नेपाली कांग्रेस, एमाले, नेकपा (माओवादी) र मधेसी जनअधिकार फोरमका उम्मेदवारहरूले संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट यस्तो धम्की बेहोर्नु परेको छ। चैत ९ गते सप्तरीमा एक जना मतदाता-प्रशिक्षकलाई सशस्त्र समूहले अपहरण गरेको छ। राजनीतिक नेताहरूको हत्या गर्ने जस्ता हिंसात्मक कार्य मार्फत निर्वाचन बिथोल्ने र शान्ति प्रक्रियालाई अवमूल्यन गर्ने चेतावनीहरू आइरहेका छन्। यस प्रकारका घटनाले राष्ट्र र अन्तर्राष्ट्रिय जगत् दुवैलाई आक्रोशित बनाउँछ। चैत १६ गते विराटनगरको सरौचियास्थित मस्जिदमा भएको बम आक्रमणमा दुई जनाको मृत्यु भयो र अन्य कैयन् घाइते भए। धार्मिक प्रार्थनास्थलमा भएको यस्तो नियोजित आक्रमणले सबै समुदायका नेपालीहरूलाई रुष्ट बनाउनेछ। सम्बन्धित निकायहरूले घटनाका दोषी तथा संलग्न सबैलाई अविलम्ब पहिचान गरी न्यायको कठघरामा उभ्याउन आवश्यक प्रयत्न जारी राख्न आवश्यक छ।

## २. मानवअधिकार तथा निर्वाचन आचार संहिताको उल्लङ्घन

गत साता रिपोर्ट गरिएका, चैत ९ गते कपिलवस्तुमा र चैत १३ गते सोलुखुम्बुमा माओवादी कार्यकर्तामाथि भएका घातक गोलीप्रहारका घटनाहरू अत्यन्त गम्भीर छन्। कपिलवस्तुका नेकपा (माओवादी) इलाका समिति सदस्य शिव कुर्मीको हत्याको जिम्मेवारी संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले लिएको भनिए तापनि नेपाली कांग्रेसबाट पटक-पटक मृतकलाई धम्की आउने

गरेकाले त्यस हत्यामा नेपाली कांग्रेससम्बद्ध व्यक्तिहरूको भूमिका रहेको माओवादीको दाबी छ। हत्यापछिका दिनहरूमा नेपाली कांग्रेससम्बद्ध व्यक्तिहरूको सम्पत्तिमाथि माओवादीले कब्जा जमाएका थिए। पीडकहरूमाथि निर्वाचनपछि मात्र कार्बाही गर्ने राजनीतिक दवाब आएको हुँदा त्यसअघि प्रहरीले कुनै कार्बाही गर्ने आसय नरहेको जानकारी ओएच्सीएच्आरलाई दिइएको छ। हालै कपिलवस्तु क्षेत्रमा भएका साम्प्रदायिक तनाव र हिंसालाई मध्यनजर गर्दा पीडक वा ज्यानसम्बन्धी अभियुक्तहरूलाई तत्काल र प्रभावकारी तरिकाले न्यायको कठघरामा उभ्याउने कार्य अत्यन्त महत्त्वपूर्ण छ। त्यसै गरी चैत ५ गते रोल्पामा दुई जना नेकपा (माओवादी) को हत्या भएको घटनाका बारेमा प्रहरीले अविलिम्ब तथा निष्पक्ष छानबिन गरिरहेको अनुभूति दिलाउन अत्यन्त जरुरी छ। चैत १३ गते सोलुखुम्बुमा भएको झडपमा नेपाली कांग्रेसका उम्मेदवार र समर्थकहरू घाइते भए। सो घटनाको छानबिन भइरहेको छ। नेकपा (माओवादी) र नेपाली कांग्रेसले यस घटना बारे प्रस्तुत गरेको विवरणमा ठूलो भिन्नता छ। दुवै दलले एक-अर्कालाई सो घटना चर्काएको, आफ्नो पूर्वनिर्धारित सभास्थल बिथोलेको, हतियार प्रयोग गरेको र ठूलो क्षति पुऱ्याएको आरोप लगाएका छन्। सशस्त्र प्रहरी वा नेपाल प्रहरीले अनावश्यक रूपले झडपमा घातक बल प्रयोग गरेको वा कुनै दल विशेषको पक्ष लिएको भन्ने आरोप विशेष सरोकारको विषय हो।

अन्मिन र ओएच्सीएच्आरलाई निर्वाचन प्रचारप्रसारसम्बन्धी थुप्रै विवरणहरू प्राप्त भएका छन्। तिनमा कैयन् मानिसहरू घाइते भएका छन्। गत साता माओवादी कार्यकर्ता र उनीहरूको योङ कम्युनिस्ट लिग (वाईसीएल) ले एमालेका निर्वाचन प्रचारप्रसार अभियानहरू बिथोलेको भन्ने आरोपहरू सबैभन्दा बढी छन्। बैतडी, धादिङ, रूपन्देही, सिराहा, चितवान, झापा र रसुवा लगायतका कतिपय जिल्लाहरूमा एमालेका उम्मेदवार तथा समर्थकहरूलाई माओवादीले कुटपिट गरेको भन्ने समाचार प्राप्त भएको छ। केही अवस्थामा एमालेका कार्यकर्ता तथा समर्थकहरूमाथि आक्रमण र कुटपिट मात्र नभई उनीहरूलाई केही घण्टासम्म बन्दी पनि बनाइएको खबर प्राप्त भएको छ। यीमध्येका केही जिल्लाहरूमा भएका हिंसात्मक घटनाहरू पूर्वनियोजित थिए भन्ने देखा परेको छ। यो थप सरोकारको विषय हो। अन्य दलका प्रचारप्रसार अभियान पनि माओवादी कार्यकर्ताले बिथोलेको भन्ने आरोप छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राप्रपा-नेपालले धनकुटा र रोल्पामा तथा नेपाली कांग्रेसले खोटाङ, रोल्पा, लम्जुङ र मकवानपुरमा आयोजना गरेका निर्वाचन गतिविधिहरूमा अवरोध पुऱ्याएको आरोप पनि उनीहरूमाथि छ।

राजनीतिक दलहरू संलग्न रहेका अन्य हिंसात्मक घटनाका विवरणहरूमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले नेपाली कांग्रेस समर्थकहरूमाथि सुनसरीमा गरेको आक्रमण, मधेसी जनअधिकार फोरम (विश्वास घटक) सदभावना पार्टीबीच सुनसरीमा तथा नेपाली कांग्रेस र तराई मधेस लोकतान्त्रिक पार्टीबीच सर्लाहीमा भएका झडपहरू र तनहुँमा माओवादीले नेपाली कांग्रेस समर्थकहरूमाथि गरेको आक्रमण पर्दछन्।

सानै देखिने डर-त्रास-धम्कीका घटनाबाट पनि क्षति पुगेका विवरणहरू प्राप्त भएका छन्। घरदैलो अभियानका बेला राजनीतिक दलहरू, खास गरी नेकपा (माओवादी) ले मतदाताहरूलाई उनीहरूको मतदान वास्तवमा गोप्य रहने छैन र मतदाताहरूले आफूले सिकाए जसरी मतदान गरेनन् भने उनीहरूमाथि बदला लिइनेछ भनिरहेका छन् भन्ने जानकारी अन्मिन र ओएच्सीएच्आरलाई प्राप्त भएको छ। खास गरी गुल्मी, कालिकोट र अर्घाखाँचीमा यस प्रकारको व्यवहार व्याप्त रहेको जनाइएको छ।

अधिकांश जिल्लामा म्यादी प्रहरी भर्ना गर्ने काम सकिएको छ र नयाँ भर्ती भएकाहरूलाई एक हप्ते तालिम दिने कार्यक्रम छ। म्यादी प्रहरीमा मुख्यतः करिब २० वर्षका उमेरका स्थानीय युवा तथा विद्यार्थीहरू हुन्छन्। निकै जिल्लामा म्यादी प्रहरीको भर्ना प्रक्रियामा मुख्य राजनीतिक दलले महत्त्वपूर्ण भूमिका खेलेका छन्। यसबाट म्यादी प्रहरी कुनै राजनीतिक दलसँग संलग्न हुनु नहुने सिद्धान्तमा नै प्रश्न उठेको छ। उदाहरणका लागि, सुदूर-पश्चिमाञ्चलका लाभविमुख थारू कृषि कामदारहरूको सङ्गठनले आफ्नो समुदायबाट उम्मेदवार छनौट नगरिएको र मूलधारका राजनीतिक दलद्वारा सिफारिस गरिएका उम्मेदवारहरू कम योग्य भएको गुनासो गरेको छ। प्रहरीमा भर्ना गर्दा सीमान्तीकृत समुदायहरूको पहुँच बढाउनका लागि सरकारले तय गरेको कोटाको प्रावधान म्यादी प्रहरीको भर्नामा लागु भएको छैन।

अन्मिन र ओएच्सीएच्आरले धेरै राजनीतिक दलहरूसँगको छलफलका क्रममा निर्वाचनका दिन मतदान केन्द्र बाहिर स्वयंसेवकहरू खटाउने र त्यसमा विशेष गरी पार्टीहरूका युवा सङ्गठनका कार्यकर्ताहरू रहने योजनाका बारेमा जानकारी पाएको छ। वाईसीएलले कालिकोट र कैलाली लगायतका थुप्रै जिल्लाहरूमा आफ्ना स्वयंसेवकहरूलाई तालिम दिएको जानकारी पनि ओएच्सीएच्आरले प्राप्त गरेको छ। वाईसीएलका सदस्यहरूले नेपाली कांग्रेसले राज्य संयन्त्रको प्रयोग गरेको र एमालेलाई निर्वाचन अनुगमनमा संलग्न अधिकांश नागरिक समाजका संघसंस्थाको सहयोग प्राप्त भएको दाबी गर्दै निर्वाचन प्रक्रियाको निष्पक्षता सुनिश्चित गर्न त्यस्ता स्वयंसेवकहरूको आवश्यकता परेको बताएका छन्। तर, निर्वाचनका दिनमा मतदान केन्द्र वरपर ठूलो सङ्ख्यामा युवाहरूको उपस्थितिले तनाव बढाउन सक्छ र त्यसबाट डरधम्की र हिंसा बढ्न सक्छ। ठूलो सङ्ख्यामा युवा समूहहरूको उपस्थितिले मतदाताहरूलाई मतदान गर्न समेत असहज परिस्थिति सिर्जना गर्न सक्छ।

राज्यको स्रोत साधनको दुरुपयोग भएका र सरकारी स्रोत तथा प्रहरीको सहयोग समान ढङ्गले उपलब्ध हुन नसकेका सूचनाहरू अन्मिनले निरन्तर रूपमा प्राप्त गरेको छ। साना दलहरूले राज्यका सेवाहरूमा उति भर पर्न नसकेको जानकारी दिएका छन् र केही उम्मेदवारहरूले प्रहरी सुरक्षा बिना समस्याग्रस्त निर्वाचन क्षेत्रहरूमा प्रचारप्रसारको काम सहज नभएको अनुभव गरेका छन्।

अध्यक्ष प्रचण्डले निर्वाचन प्रचारप्रसारका गतिविधिका लागि हेलिकोप्टरको प्रयोग गरेर निर्वाचन आचार संहिताको उल्लङ्घन गरेको भन्दै केही दलहरूले चिन्ता व्यक्त गरेका छन्। अन्य दलले बिरामीहरूको ओसारपसारका प्रयोजनका लागि प्रयोग गरिने सरकारी हेलिकोप्टर सबै पार्टीलाई समान रूपले उपलब्ध नगराइएको दाबी पनि गरेका छन्।

## ३. <u>हतियार तथा सैन्य अनुगमन</u>

२०६३ मङ्सिर महिनामा सम्पन्न हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौताले नेपाली सेनाका सम्बन्धमा "व्यवस्था भए बमोजिम घातक हतियारहरूको मर्मतसम्भार र विस्थापन गर्ने कार्य अन्तरिम सरकारले तयार गरे बमोजिम वा दुवै पक्षको सहमतिले मात्रै गर्न सकिने छ" (४.२.४.५) तर "सैनिक उपकरणको अनधिकृत आपूर्तिलाई सम्झौताको उल्लङ्घन" (५.३.४) भनेको छ। चैत ११ र १२ गते राति बुटवलमा माओवादीको युवा सङ्गठन वाईसीएलले हतियार बोकेको आरोपमा केही समय रोकेका सशस्त्र प्रहरी बलका साथमा पंक्तिबद्ध सरकारी गाडीहरूको निरीक्षण अन्मिनले गर्नुपर्ने आग्रह गरेको थियो। ट्रकहरू बर्दघाटस्थित सशस्त्र प्रहरी बलको ब्यारेकतर्फ जानुअघि सशस्त्र प्रहरी र वाईसीएलका कार्यकर्ताबीच झडप भएको थियो। वाईसीएललाई कानुन पालना गराउने समानान्तर निकायको जस्तो कार्य गर्ने र सरकारी अथवा नागरिकहरूको वस्तु तथा व्यक्तिको ओसारपसारमा हस्तक्षेप गर्ने अधिकार छैन। सरकारी वक्तव्यहरूका अनुसार ती ट्रकहरूमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका उपकरणहरू रहेका थिए। सशस्त्र प्रहरीले बर्दघाट ब्यारेकमा ती उपकरणहरू ट्रकबाट नझारेसम्म अन्मिनका हतियार अनुगमनकर्ताहरूलाई ट्रक निरीक्षण गर्ने अनुमति नदिएकोमा अन्मिन खेद प्रकट गर्छ र त्यसै कारणले गर्दा ट्रकमा के थियो र कसका लागि थियो भन्ने यकिन गर्न अन्मिन असमर्थ छ।

चैत ११ गते रोल्पामा नेपाल प्रहरीले माओवादी सेनाका तीन जना सदस्यहरूलाई दुई वटा राइफल सहित गिरफ्तार गरेको थियो। उक्त हतियार निरीक्षणका लागि रोल्पामा खटाइएका अन्मिनका हतियार अनुगमनकर्ताहरूले ती हतियारहरू अन्मिनमा दर्ता भएका र रोल्पामा रहेको मुख्य शिविरको सहायक शिविर तिला शिविरको परिसरको सुरक्षाका लागि राखिएको जानकारी प्राप्त गरेका छन्। माओवादी सेनाले सो टोली सहायक कमान्डर पासाङलाई सुरक्षा दिएर फर्किरहेको बताएको छ। हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता अनुसार हतियार भण्डारण गर्ने कन्टेनरभन्दा बाहिर राख्न अनुमति दिइएका हतियारहरू "प्रत्येक शिविरमा स्पष्टतः परिभाषित परिधि सुरक्षाका लागि तोकिएका गार्डहरूबाट मात्र प्रयोग हुने" हतियार मात्र हुन्। ती राइफलहरू माओवादी शिविरमा फिर्ता गरिसकिएको छ र यस मामलालाई संयुक्त अनुगमन समन्वय समितिको आगामी बैठकमा प्रस्तुत गरिनेछ।

अन्मिनले सबै पार्टीका नेता तथा उम्मेदवारहरूको उचित सुरक्षा व्यवस्थाको महत्वलाई बुझेको छ। नेपाल सरकार र नेकपा (माओवादी) बीच सन् २००७ को मध्यमा हस्ताक्षर भएको समझदारीमा माओवादी नेताहरूको सुरक्षाको विशेष व्यवस्था सम्बन्धमा पनि सहमति भएको छ।

सो समझदारीमा अन्मिनको संलग्नता थिएन तर सम्बद्ध पक्षहरूको अनुरोधमा सो समझदारी अनुसार अन्मिनले शिविर बाहिर रहन सहमति भएका नेताहरूको सुरक्षाका लागि प्रयोग हुने हतियार र सैनिकहरूको दर्ता गरेको थियो। समझदारी अनुसार विशेष सुरक्षा टोलीका सदस्यहरू बिना बर्दीका हुनेछन् र उनीहरूले सार्वजनिक स्थलमा हतियार प्रदर्शन गर्ने छैनन्। निर्वाचनका परिप्रेक्ष्यमा नेतृत्ववर्गका लागि आवश्यक पर्नसक्ने थप सुरक्षाका बारेमा भने सो समझदारीमा कुनै कुरा उल्लेख गरिएको छैन।

गत हप्ता पोशाक र हतियार सहितका केही माओवादी लडाकूहरू अस्थायी रूपमा माओवादी शिविर छोडेर माओवादीका वरिष्ठ नेताहरूले सम्बोधन गरेका निर्वाचन र्‍यालीहरूमा भाग लिन र सुरक्षा दिन गएका थिए। अन्मिनले शिविरमा रहेका हतियार भण्डारण कन्टेनरको चौबीसै घण्टा निगरानी गरिरहेको छ र त्यहाँबाट कुनै हतियार बाहिर लगिएको छैन तर शिविरको परिधि सुरक्षाका लागि तोकिएको हतियार त्यहाँबाट बाहिर लानु पनि हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको उल्लङ्घन हो र यसबारेमा संयुक्त अनुगमन समन्वय समितिलाई जानकारी गराइएको छ। यस विषयमा निर्वाचन आयोगले पनि अन्मिनसमक्ष आफ्नो चिन्ता व्यक्त गरेको छ। नेतालाई सुरक्षा दिने लगायतका उद्देश्यले शिविर बाहिरका भेलाहरूमा माओवादी शिविरमा रहेका सैनिक वा हतियारहरू लैजानु हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको उल्लङ्घन हो भन्ने कुरा अन्मिनले नेकपा (माओवादी) को नेतृत्व वर्गलाई स्पष्ट गराइसकेको छ। यस सन्दर्भमा सम्बद्ध पक्षहरूको अनुरोधमा अन्मिनलाई हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको अनुगमनका कार्यादेश दिइएको छ। अन्मिनलाई सम्झौता पालना गराउने अधिकार प्राप्त छैन भन्ने बुझ्नु पर्छ। तर अन्मिनले उल्लङ्घनका घटनाहरूका बारेमा शान्ति सम्झौताका पक्षहरूलाई तथा उपयुक्तता हेरेर अन्तराष्ट्रिय समुदाय र जनसाधारणलाई जानकारी गराउँछ। चैत १६ गते माओवादी अध्यक्ष प्रचण्डले यस्ता घटना पुनः नदोहोरिने आश्वासन दिनुभएको छ।

माओवादी अध्यक्ष प्रचण्डले माओवादी सेनालाई बिदा नदिन र बिदामा रहेकालाई पनि शिविरमा फर्कन आदेश दिइसकेको जानकारी गराउनुभएको छ। अन्मिनका हतियार अनुगमनकर्ताहरूले माओवादी शिविरमा रहेका लडाकूहरूको सङ्ख्या यकिन गर्ने र सैनिकहरू के कति सङ्ख्यामा बिदामा रहेका छन् भन्ने पत्ता लगाउने प्रयासलाई तीव्रता दिएका छन्। अन्मिनको अनुसन्धान अनुसार सुर्खेतस्थित शिविरबाट फागुनको तेस्रो साता तोकिएको अधिकतम सीमा १२% भन्दा निकै बढी सङ्ख्यामा सैनिकहरू अनुपस्थित रहेकोमा चैत ११ गतेको गणनामा अन्मिनले अनुगमन गरेका लडाकूमध्ये १०% बिदामा रहेको पाइयो। रोल्पाका शिविरमा गरिएको गणनामा ८% प्रतिशत प्रमाणित लडाकूहरू अझै बिदामा रहेको पाइयो। माओवादी नेतृत्वबाट आदेश प्राप्त हुन बाँकी भएको भन्दै माओवादी सैनिकहरूले चैत १५ गतेको गणनाको योजना हाललाई स्थगित गरेका थिए। तर चैत १६ गते अध्यक्ष प्रचण्डले पुनः गणना गर्दा हुने आश्वासन दिनुभएको छ। प्रभावित समुदायहरूबाट प्राप्त माओवादी सेनाहरू निर्वाचनका गतिविधिहरूमा

संलग्न रहेको भन्ने सूचनाका बारेमा पनि अन्मिनले अनुसन्धान गरेको थियो। वरिष्ठ कमान्डर लगायतका सुर्खेतका शिविरहरूका माओवादी सैनिकहरू कालिकोटका विभिन्न ठाउँहरूमा गएर राजनीतिक गतिविधिमा सहभागी रहेका कुराको अन्मिनले पुष्टि गरेको छ। अरू पक्षहरूले उनीहरूको प्रचारप्रसार अभियान उल्लेख्य रूपमा कम गराइएको र निर्वाचनका गतिविधिहरूमा डरधम्की र हस्तक्षेपमा वृद्धि भएको जनाएका छन्।

नेपाली सेनाबाट निर्वाचन आयोगको सहयोगका लागि गरिएको हेलिकोप्टर सञ्चालनका बारेमा संयुक्त अनुगमन समन्वय समितिलाई समयमा र औपचारिक जानकारी प्राप्त भएको छैन।

## ४. सुझावहरू

- निर्वाचन प्रचारप्रसारमा संलग्न राजनीतिक दलहरूले हिंसा र प्रतिशोधको क्रमलाई तत्काल बन्द गर्नुपर्छ र निर्वाचन आचार संहिता र मानवअधिकारका मापदण्डहरूलाई पूर्ण रूपमा सम्मान गर्नुपर्छ। मतदान गोप्य हुँदैन र भनेको ठाउँमा मद नदिनेहरूसित बदला लिइन्छ वा पुनः युद्ध सुरु हुनसक्छ भन्ने खालका गलत तथा डर, धाक र धम्कीपूर्ण सूचना सम्प्रेषण तत्काल बन्द गरिनुपर्छ। सबै दलहरूले आफ्ना युवा सङ्गठनका कार्यकर्ताहरूलाई मतदानका दिनमा मतदान केन्द्र वरपर उपस्थित गराउने योजना फिर्ता लिनुपर्छ वा त्यस्तो कुनै योजना नभएको स्पष्ट पार्नुपर्छ।
- प्रहरीलाई कुनै पनि राजनीतिक वा अन्य क्षेत्रको हस्तक्षेप र दबावबिना कर्तव्य पालना गर्न दिइनुपर्छ। राजनीतिसँग सम्बन्धित हिंसा र खासगरी दलका कार्यकर्ताको हत्याको तत्काल, विस्तृतरूपमा र निष्पक्षतापूर्वक छानबिन गर्ने जिम्मेवारी प्रहरीको हो। राजनीतिक दलहरूले प्रहरीप्रति प्रतिशोधको भावना राख्नु वा दवाब दिनुहुँदैन। निर्वाचन प्रचारप्रसारका लागि उम्मेदवारहरूलाई बल र हतियारको संयमित प्रयोग गरेर निष्पक्ष र स्वतन्त्र ढङ्गले सुरक्षा प्रदान गरिनुपर्छ।
- निर्वाचन प्रक्रियामा दुवै पक्षका सेनाको हस्तक्षेप रोक्ने उद्देश्यबाट गरिएको हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको पूर्ण पालना गरिनुपर्छ। निर्वाचन अवधिभर बिदा बस्न नपाइने प्रावधान लागु गरिनु पर्छ र दुवै सेनाले सूचना प्रक्रिया र सुदृढ अनुगमन व्यवस्थाको सम्मान गर्न अन्मिनलाई सहयोग गर्नुपर्छ। पोशाकमा रहेका सैनिकहरू ऱ्याली र निर्वाचनसम्बन्धी अन्य कार्यक्रममा भाग लिनका लागि शिविरबाट अस्थायी रूपमा बाहिरिने र शिविरको परिधि सुरक्षाका लागि तोकिएको हतियारको प्रयोगका घटनाहरू माओवादी सेनाले तुरुन्तै बन्द गर्नुपर्छ।
- विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको मर्म अनुरूप राजनीतिक नेताहरूले निर्वाचनपछि पनि सहकार्य गर्ने उनीहरूको प्रतिबद्धतामा जोड दिनुपर्छ।

- निर्वाचन बिथोल्न चाहने शक्तिले यस्ता घटनाको परिणाम के हुनेछ भन्ने बुझ्नुपर्छ र नेपालको भविष्य निर्धारण गर्ने लोकतान्त्रिक प्रक्रिया संविधानसभा हो भन्ने समग्र नेपाली जनताको चाहना तथा अन्तर्राष्ट्रिय समुदायको समर्थनको सम्मान गर्नुपर्छ ।